**घोडाघोडी स्थानीय राजपत्र**

# घोडाघोडी नगरकार्यपालिकाको कार्यालय द्वारा प्रकाशित

**सुखड, कैलाली ७ नं. प्रदेश, नेपाल**

| | | | |
|---|---|---|---|
| **भाग १** | **वर्ष १** | **अंक २** | **२०७४ भाद्र २३ गते, शुक्रबार** |


घोडाघोडी नगर सभाबाट मिति २०७४।५।१५ मा स्वीकृत भएको आर्थिक ऐन २०७४ सार्वजनिक जानकारीका लागि प्रकाशन गरिएको छ ।

**प्रस्तावना :** घोडाघोडी नगरपालिकाको आर्थिक वर्ष २०७४।०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम घोडाघोडी नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम आर्थिक ऐन २०७४ रहेको छ ।

(२) यो ऐन २०७४ साल साउन १ गते देखि घोडाघोडी नगरपालिका क्षेत्रमा लागु हुने छ ।

**२. सम्पति कर :** नगरपालिका क्षेत्र भित्र अनुसुची १ बमोजिम घरजग्गा कर /एकिकृत सम्पति कर लगाईने र असुल उपर गरिनेछ ।

**३. भूमि कर (मालपोत)** : नगरपालिका क्षेत्र भित्र अनुसुची २ बमोजिम भूमि कर (मालपोत) लगाईने र असुल उपर गरिनेछ ।

**४. घर वहाल कर :** नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आशिंक तवरले वहालमा दिईएको भाडा सम्झौता बमोजिम २ प्रतिशत घर जग्गा वहाल कर नगरपालिकाबाट लगाईने र असुल उपर गरिनेछ ।

**५. व्यवसाय कर :** नगरपालिका क्षेत्र भित्र व्यपार, व्यवसाय वा पूजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसुची (३) बमोजिम ब्यबसाय कर लगाइने र असुल उपर गरिनेछ ।

**६. जडिबुटी ,कवाडी र जीवजन्तु कर :** नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो , जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेधित गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिंङ, प्वाँख,छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरे बाफत कानुनमा तोकिए बमोजिम कर लगाईने र असुल उपर गरिनेछ ।

**७. सवारी साधन कर :** नगरपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनमा अनुसुची (४) बमोजिम सवारी साधन कर लगाईने र असुल उपर गरिनेछ । तर , प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

घोडाघोडी स्थानीय राजपत्र

**८. विज्ञापन कर :** नगरपालिका क्षेत्र भित्रहुने विज्ञापनमा अनसुची (५) बमोजिम विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ । तर , प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**९. मनोरन्जन कर :** नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसुची (६) बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ । तर , प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**१०. बहाल विटौरी शुल्क :** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका संरचना र नगर क्षेत्रमा खाली ,सरकारी ,प्रति जग्गा भाडामा प्रयोजन गर्दा अनुसुची ७ बमोजिम कर लगाईने र व्यवसायिक प्रयोजनको लागि स्टल राख्दा प्रति दिन रु.२०० का दर ले नगरपालिकाबाट कर लगाईने र असुल उपर गरिनेछ ।

**११. पार्किङ शुल्क :** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए बाफत नगरकार्यपालिकाबाट सवारी साधनको आधारमा अनुसुची ८ बमोजिम कर लगाईने र असुल उपर गरिनेछ ।

**१२. ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग,जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्क :** नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग,जिपफ्लायर र ऱ्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरे बाफत कानुनमा तोकिए बमोजिम कर लगाईने र असुल उपर गरिनेछ ।

**१३. सेवा शुल्क दस्तुर :** नगरपालिकाले उपलब्ध गराएको सेवामा सेवाग्राही बाट अनुसुची ९ मा व्यवस्था भए अनुसार सिफारिस दस्तुर असुल उपर गरिनेछ ।

**१४. पर्यटन शुल्क :** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरु बाट कानुनमा तोकिए बमोजिम कर लगाईने र असुल उपर गरिनेछ । तर , प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**१५. नयाँ भर निर्माण तथा नक्शा पास दस्तुर :** नगरपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण हुने नयाँ घर तथा नक्शा सम्बन्धि कार्यका लागि अनुसुची (१०) मा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**१६. बाली धरौटी तथा अन्य धरौटी :** नगरपालिकाले आफ्नो क्षेत्रभित्र बाली धरौटी तथा अन्य धरौटी कार्यका लागि तोकिए बमोजिमको र शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**१७. फोहरमैला व्यवस्थापन सेवा शुल्क :** नगरपालिकाले आफ्नो क्षेत्रभित्र फोहरमैला व्यवस्थापन गर्न बिषयगत समितिबाट सिफारिस भई नगर सभाबाट स्वीकृत भए पश्चात फेहरमैला व्यवस्थापन सेवा शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**१८. रजिष्ट्रेसन शुल्क :** नगरपालिकाले आफ्नो क्षेत्रभित्र कानुनले तोके बमोजिम रजिष्ट्रेसन शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**१९. कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहर लाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**२०. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि :** यस ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसुची १

| संकेत | विवरण | स्था.स्वा.शा.नि. मा भएको दरको रेन्ज | ०७४/०७५ को लागि स्वीकृत दररेट |
|---|---|---|---|
| | कच्ची घर | | रु.१००।- |
| | झिङ्गटी, टायल वा टिनले छाएको पक्की घर | | रु.१५०।- |
| | पक्की घर | | रु.३००।- |
| | आर.सि.सि. ढलान १ तले पक्की घर | | रु.५००।- |
| | आर.सि.सि. ढलान २ तले वा सो भन्दा वढी | | रु.१०००।- |

**एकिकृत सम्पतिकर**

| क्र.स | कर योग्य एकिकृत सम्पत्ति मूल्य | दर वार्षिक |
|---|---|---|
| १ | दश लाख रुपैपा सम्म | |
| | विस लाख एक रुपैया देखि तिस लाख रुपैया सम्म | |
| | तिस लाख एक रुपैया देखि पचास लाख रुपैया सम्म | |
| | पचास लाख एक रुपैपा देखि एक करोड रुपैया सम्म | |
| | एक करोड एक रुपैया देखी दुई करोड रुपैया सम्म | |
| | दुई करोड एक रुपैयां देखी – पांचकरोड रुपैया सम्म | |
| | पांच करोड एक रुपैया देखी माथी | |

## अनुसुची २

| संकेत | विवरण | स्था.स्वा.शा.नि. मा भएको दरको रेन्ज | ०७४/०७५ को लागि स्वीकृत दररेट |
|---|---|---|---|

स्थानीय राजपत्र

| | | | |
|---|---|---|---|
| १ | मालपोत वा भुमिकर | | |
| क. | राजमार्ग संग जोडीएको जग्गा प्रती कठ्ठा<br>( मुख्य बजार वडा नं.१, ६, १० ) | | रु.२००।- |
| ख. | वडा नं. १ सुखड बजार दक्षिणमा लिटिल स्कुल सम्म | | रु.१००।- |
| **ग.** | वडा नं. १ शान्तीनगर भट्टराई टोल सुखड बजार क्षेत्र | | **रु.८०।-** |
| **घ.** | वडा नं. १ सन्तोषी टोल, पिपलडाडा, घोडाघोडी क्याम्पस सम्म | | **रु.८०।-** |
| **ङ.** | वडा नं. ६ जंगपुर राजमार्ग उत्तर दक्षिणको मुल बजार क्षेत्र देखि दशरथ उ.मा.वि. सम्म | | **रु.७०।-** |

# भित्री ग्रामिण क्षेत्र

| **सि. नं.** | **विवरण** | **पक्की** | **ग्रावेल** | **कच्ची** | **भित्री खेति योग्य जग्गा** |
|---|---|---|---|---|---|
| १ | वडा नं.१राजमार्ग उत्तर डुडापारी क्षेत्र कैलाशपुर,कौवा, वडा नं.४ (साविक दरख वडा नं.२ र साविक पहलमानपुर बजार क्षेत्र समेत ) र माथि उल्लेखित बाहेक | ८०।- | ६०।- | ५०।- | ४०।- |
| २ | वडा नं.२,४(साविक वडानं.१ र ३ ) वडा नं. ६ को थुम्की र कुन्टी तथा माथि उल्लेखित बाहेक को क्षेत्र ) र ९ डुडापारीक्षेत्र बाहेक ) ८ को सुखड लठौवा सडक खण्ड, वडा नं.१० राजमार्गसंग जोडिएको क्षेत्र बाहेक ( साविक वडा नं.३ र ७ ) | ५०।- | ४५।- | ४०।- | ३०।- |
| ३ | वडा नं.१,८ र ९ को डुडापारी क्षेत्र वडा नं.१ को कौवा वडा नं.४ (साविक दरख वडा नं.२) र कैलाशपुर वडा नं.८ को माथि उल्लेखित बाहेकको क्षेत्र तथा वडा नं. ६ को थुम्की र कुन्टी, वडा नं.१० (साविक वडा नं.४) र वडा नं.११ | ४०।- | ३५।- | ३०।- | २५।- |
| ४ | वडा नं.३, ५,७ र वडा नं.८ को बौराहा नदी वारी) कलजुगी जरही क्षेत्र सम्म , वडा नं.१२ र १३ को सम्पूर्ण क्षेत्र | ४०।- | ३५।- | ३०।- | २५।- |

घोडाघोडी स्थानीय राजपत्र

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | प्रति जग्गामा माथी उल्लेखित नम्बरी जग्गाको मालपोतमा लाग्ने करको आधा ( ५०%) लिने । | | | | |

# अनुसुची ३

| संकेत | विवरण | स्था.स्वा.शा.नि.मा भएको दरको रेन्ज ( रु.मा) | ०७४/०७५ को लागि स्वीकृत दररेट |
|---|---|---|---|
| १. | **मर्मत तथा संभार सेवा तर्फ** | रु.१०० – १५०० | |
| | चार पांग्रे गाडी मर्मत | | १,०००।- |
| | मोटरसाइकल मर्मत | | ६००।- |
| | रेडियो,घडी, मोवाइल, तथा विभिन्न विद्युतीय उपकारण मर्मत | | ५००।- |
| | टायर, पञ्चर टाल्ने र टायरमा हावा भर्ने | | ३००।- |
| | सवारी डेन्ट, पेन्ट गर्ने पसल | | १,२००।- |
| | सवारी साधन धुने | | ४००।- |
| | सवारी साधनको सिट, हुट बनाउने पसल | | १,०००।- |
| | साइकल, कुकर,पंखा, छाता, स्टोभ आदि मर्मत | | ५००।- |
| २. | **स्वास्थ्य सेवा तर्फ** | | |
| | नर्सिङ् होम गैर सरकारी अस्पताल, निजि अस्पताल | | ३,०००।- |
| | एक्सरे, ल्याव सुविधा सहित डाक्टरको सेवा भएको मेडिकल | | २,०००।- |
| | एक्सरे, ल्याव सुविधा रहित डाक्टरको सेवा भएको<br>मेडिकल पसल / औषधी थोक पसलमा<br>पसल :- औषधी खुद्रा पसल | | १,०००।-<br>२,०००।-<br>१,०००।- |

| | | | |
|---|---|---|---|
| | दाँत उपचार केन्द्र | | १,०००।- |
| | स्वास्थ्य प्राविधिक सहितको मेडिकल | | ८००।- |
| | सर्जिकल सामान बेच्ने पसल | | १,५००।- |
| | वैद्य खाना तथा अन्य क्लिनिक, ल्याव | | ८००।- |
| ३. | **शिक्षा सेवा तर्फ** | | |
| | प्रा.वि. तहका निजी विद्यालय | | ७००।- |
| | नि.मा.वि. तहका निजी विद्यालय | | ८००।- |
| | मा.वि.तहका निजी विद्यालय | | ९००।- |
| | उच्च मा.वि. र सो भन्दा माथिको शैक्षिक संस्था (निजी विद्यालय) | | १,०००।- |
| | तालीम तथा अनुसन्धान केन्द्र, शैक्षिक प्रतिष्ठान | | २,०००।- |
| | टाइपिङ् , कम्प्युटर तथा भाषा प्रशिक्षण केन्द्र ट्युसन सेन्टर | | २,०००।- |
| ४. | **सञ्चार सेवा तर्फ** | | |
| | साइवर तथा इमेल, इन्टरनेट, रेडियो पेजिङ् आदिमा | | ७००।- |
| | फोन, फ्याक्स, फोटोकपि | | ५००।- |
| | कुरियर सेवा | | ५००।- |
| | एफ.एम. रेडियो | | १,५००।- |
| | नेपाल टेलिकम बाहेकका टेलिफोन सेवा सञ्चालक | | २,०००।- |
| | केवल नेटवर्क (डिस होम होम टि.भी.समेत) | | १,०००।- |

| | | | |
|---|---|---|---|
| ५. | **वित्तीय सेवा तर्फ** | | |
| | नेपाल सरकारको पुर्ण स्वामित्व रहेको बाहेक केन्द्रिय स्तरका वाणिज्य बैंकहरु | ***रु.५०००–५००००*** | १०,०००।- |
| | विकास वैंकहरु मुख्य कार्यालय | | ८,०००।- |
| | विकास वैंकहरु शाखा कार्यालय | | ६०००।- |
| | आर्थिक कारोवार समेत गर्ने वित्तीय कम्पनीको मुख्य कार्यालय | | ५,०००।- |
| | वित्तीय कम्पनीको शाखा कार्यालय | | २,५००।- |

स्थानीय राजपत्र

| | | | |
|---|---|---|---|
| | सहकारी बैंक र बचत तथा ऋण सहकारी (क श्रेणी : २ करोड भन्दा बढी कारोवार हुने) | | २,०००।- |
| | आर्थिक कारोवार गर्ने सहकारी संस्थाहंरु (ख श्रेणी : २ करोड भन्दा कम कारोवार हुने ) | | १,५००।- |
| | अन्य कारोवार गर्ने सहकारी संस्थाहंरु | | १,०००।- |
| | विदेशी मुद्रा सटही | | १,०००।- |
| | वीमा कम्पनीहरु | | ७,५००।- |
| | मनी ट्रान्सफर | | २,०००।- |
| ६. | **होटल, लज तथा रेष्टुरेन्ट / बार (पर्यटन उद्योग )** | *रु.१०००–५००००* | |
| | उच्च स्तरको लजिङ, फुडिङको सुविधा भएको होटल स्टार होटल | | १०,०००।- |
| | मध्यम स्तरको लजिङ, फुडिङको सुविधा भएको होटल एसी होटल | | ४,०००।- |
| | सामान्य लजिङ, फुडिङको सुविधा भएको | | २,०००।- |
| | लज मात्र भएको | | १,०००।- |
| | राम्रो खालको रेष्टुरन्ट / **बार** | | २,५००।- |
| | सामान्य खालको रेष्टुरन्ट/ | | २,०००।- |
| | सामान्य खालको होटल | | १,०००।- |
| | होटल तथा अन्य व्यवसाय नामसारी सिफारिस दस्तुर | | १,०००।- |
| | पुल हाउस दर्ता सिफारिस दस्तुर | | १,०००।- |
| ७. | **चिया नास्ता तथा चाट पसल** | *रु.१००–५०००* | |
| | मिष्ठान्न भण्डार सहितको चिया नास्ता पसल | | १,०००।- |
| | मिष्ठान्न भण्डार रहितको चिया नास्ता पसल | | ५००।- |
| | ग्रामीण क्षेत्रको चिया नास्ता पसल | | २००।- |
| | चाट पसल | | ५००।- |
| | चिया मात्र विक्रि गर्ने पसल | | १००।- |
| ८. | **सुन चांदी पसल** | *रु.७५०–१००००* | |
| | थोक रुपमा तथा मेसिनद्वारा गहन बनाई बिक्री गर्ने पसल | | २,५००।- |
| | साना तथा हातले गहना बनाई बिक्री गर्ने पसल | | २,०००।- |

स्थानीय राजपत्र

| | | | |
|---|---|---|---|
| | गहना बनाउने तथा मर्मत गर्ने पसल | | १,०००।- |
| ९. | **मदिरा पसल** | *रु.७५०- १००००* | |
| | थोक बिक्री पसल | | ७,०००।- |
| | खुद्रा विक्री पसल | | ३,०००।- |
| १०. | **मासु पसल** | *रु.३६०–१०००* | |
| | एक भन्दा बढी आइटम राखी मासु बेच्ने पसल | | १,०००।- |
| | रांगा, खसी र वंगुरमध्य कुनै एक को मात्र मासु बेच्ने पसल | | ७५०।- |
| | माछा, कुखुरा,हांस तथा अन्य पंक्षी को मासु बेच्ने पसल | | ५००।- |
| ११. | **मेटल वर्कसप** | | |
| | क श्रेणी (ग्रील सटर निर्माण समेत) | | २,०००।- |
| | ख श्रेणी ( सामान्य ग्रील मर्मत ) | | १,०००।- |
| १२. | **स्टील , काठ फर्निचर,कार्पेट विक्रेता** | *रु.५००–१५००* | |
| | क श्रेणी | | १,०००।- |
| | ख श्रेणी | | ८००।- |
| १३. | **वेकरी उद्योग र वेकरी पसल** | *रु.१००–५०००* | |
| | उद्योगलाई | | २,०००।- |
| | पसललाई | | १,०००।- |
| | दुवै गर्नेलाई | | २,५००।- |
| १४. | **तरकारी र फलफुल पसल** | *रु.१००–५०००* | |
| | थोक पसल | | १५००।- |
| | खुद्रा पसल | | ७५०।- |
| | डोके पसल | | २५०।- |
| १५. | **मिलहरु : प्रति हर्स पावर विद्युतिय १००।-, डिजेल २५।-** | | |
| १६. | **किराना तथा खाद्य पसल** | *रु.१००–५०००* | |
| | उच्च स्तरको किराना तथा खाद्य पसल (थोक सहितको किराना तथा खाद्य पसल ) | | २,५००।- |
| | मध्यम स्तरको किराना, खाद्य पसल (बिक्री कक्षको अतिरिक्त गोदाम समेत राखेको किराना तथा खाद्य पसल) | | २,०००।- |
| | सामान्य स्तरको किराना तथा खाद्य पसल ( सामान्य बिक्री कक्षमात्र भएको किराना तथा | | १,०००।- |

| | | | |
|---|---|---|---|
| | खाद्य पसल ) | | |
| | निम्न स्तरको किराना तथा खाद्य पसल ( सानो बिक्री कक्षमात्र भएको किराना तथा खाद्य पसल ) | | ५००।- |
| | सामान्य घुम्ती पसल | | ३००।- |
| १७. | **कांचो कपडा , रेडिमेड फेन्सी तथा जुत्ता, चप्पल पसल** | *रु.१००–५०००* | |
| | उच्च स्तरको पसल ( गोदाम समेत राखेको थोक पसल ) | | ३,०००।- |
| | ( बिक्री कक्षको अतिरिक्त गोदाम समेत राखेको पसल ) | | २०००।- |
| | सामान्य स्तरको पसल (सामान्य बिक्री कक्षमात्र भएको पसल) | | १००० ।- |
| | सामान्य घुम्ती पसल | | ५००।- |
| १८. | **टेन्ट हाउस साउण्ड सिस्टम कुर्सि सहित** | | १५००।- |
| | टेन्ट हाउस उच्च स्तरको | | १००० ।- |
| | टेन्ट हाउस सामान्य स्तरको | | ५००।- |
| १९ | **प्लाष्टिकजन्य पसल** | *रु.१००–५०००* | |
| | थोक पसल | | १५००।- |
| | खुद्रा पसल | | ८००।- |
| २०. | **कम्प्युटर, मोवाइल, टि.भी. , रेडियो , घडी तथा अन्य विद्युतीय सामान बेच्ने पसल/इलेक्ट्रोनिक्स पसल** | | |
| | पसल -कम्प्युटर, टि.भी. आदिको डिलर तथा ठुलो/होलसेल पसल | | ५,०००।- |
| | ( कम्प्युटर, टि.भी. आदिमध्य कुनै एकको डिलर भएता पनि सानो पसल ) | | २,५००।- |
| | सामान्य किसीमको पसल | | १०००।- |
| | अडियो भिडियो क्यासेट विक्रि | | १,०००।- |
| | रेडियो, घडी मात्र राखेको सामान्य पसल | | ५००।- |
| २१. | ***सवारी साधन विक्रीमा*** | | |
| | चार पांग्रे गाडी सो रुम तथा बिक्रीमा | | ८०००।- |
| | तीन पांग्रे(पावर ट्रिलर सहित) बिकीमा | | ५५००।- |

बाह्रदाङ्गी स्थानीय राजपत्र

| | | | |
|---|---|---|---|
| | मोटरसाइकल सो रुम तथा बिक्रीमा | | ४५००।- |
| | साइकल सो रुम तथा बिक्रीमा | | १५०० ।- |
| २२. | **अडियो, भिडियो क्यासेट मर्मत** | *रु.१००–५०००* | |
| | क श्रेणीमा पर्ने | | १५०० ।- |
| | ख श्रेणीमा पर्ने | | १००० ।- |
| २३. | **भांडा पसल** | | |
| | क श्रेणीमा पर्ने ( सजावट तथा उपहारका सामान समेत राखेको ) | | १०००।- |
| | ख श्रेणीमा पर्ने | | ८००।- |
| | सामान्य पसल | | ५००।- |
| २४. | **कुखुरा पालन व्यवसाय** | | |
| | १००० भन्दा बढी कुखुरा पाल्ने फर्म | | १५००।- |
| | ५०० देखि १००० सम्म कुखुरा पाल्ने फर्म | | १०००।- |
| | ५०० भन्दा कम कुखुरा पाल्ने फर्म | | ५००।- |
| २५. | **स्टेशनरी तथा पुस्तक पसल** | *रु.१००–५०००* | |
| | स्टेशनरी सामान , पुस्तक तथा पत्रपत्रिकाको थोक सहितको पसल | | २०००।- |
| | स्टेशनरी सामान , पुस्तक तथा पत्रपत्रिकाको खुद्रा पसल | | १५००।- |
| | स्टशनरी मात्र वा पुस्तक मात्र विक्री गर्ने पसल | | १०००।- |
| २६. | **निर्माण सामाग्री ,ह्रार्डवेयर , शिसा तथा विद्युत सामाग्री पसल** | *रु.१००–५०००* | |
| | उच्च स्तरको पसल | | ४०००।- |
| | मध्यम स्तरको पसल | | ३०००।- |
| | सामान्य स्तरको पसल | | २०००।- |
| २७. | **फोटो स्टुडियो** | | |
| | उच्च स्तरको पसल ( कलर ल्याव समेत भएको ) | | २५००।- |
| | मध्यम स्तरको पसल | | १५००।- |
| | सामान्य स्तरको पसल | | १०००।- |
| २८. | **सैलुन तथा ब्युटी पार्लर पसल** | **रु.३६०-१,५००** | |
| | राम्रो स्तरको पसल (४ सिट भन्दा बढी ) | | २५००।- |
| | सामान्य स्तरको पसल (४ सिट भन्दा कम ) | | १५००।- |
| २९. | **टेलर** | | |

| | | | |
|---|---|---|---|
| | क श्रेणीको पसल ( ६ भन्दा बढी मेसिन राखेको पसल ) | | २०००।- |
| | ख श्रेणीको पसल ( २ देखि ६ सम्म मेसिन राखेको पसल ) | | १०००।- |
| | ग श्रेणीको पसल( २ भन्दा कम मेसिन राखेको पसल ) | | ५००।- |
| ३०. | **एग्रोभेट पसल** | ***रु.१००–५०००*** | |
| | क श्रेणीको ( थोक पसल ) | | ३०००।- |
| | ख श्रेणीको ( खुद्रा पसल ) | | २०००।- |
| ३१. | **स्नुकर र पुल हाउस जिम खाना** | | |
| | स्नुकर , जिम खाना | | १०००।- |
| | पुल हाउस | | १०००।- |
| ३२. | **बार्षिक सवारी कर** | | |
| | बस, टक,लरी र अन्य हेभी गाडीमा | ***रु.१,०००-३,०००*** | २०००।- |
| | भाडाका कार, जीपमा | ***रु.२००-५००*** | ५००।- |
| | भाडाको टेम्पो, अटोरिक्सामा | ***रु.१००-३००*** | ३००।- |
| | भाडाको मिनिवस तथा माइक्रो बसमा | ***रु.५००-१,०००*** | १०००।- |
| | निजी कार, टेम्पो तथा मिनिवसमा | ***रु.१००-३००*** | ३००।- |
| | स्कुटर, मोटरसाइकल तथा अन्य सवारी साधनमा | ***रु.५०-२००*** | २००।- |
| | ठेलागाडा तथा रिक्सामा | | २०।- |
| ३३. | **ब्यापारिक वस्तुमा** | ***रु.७५०।–१०,०००*** | |
| | मदिरा, वियर जस्ता मादक पदार्थमा थोक कारोवार | | ७,०००।- |
| | मदिरा, वियर जस्ता मादक पदार्थमा खुद्रा कारोवार | | ३,०००।- |
| | चुरोट,विडी जस्ता धुम्रपान जन्य कारोवार (थोक कारोवार) | | ३,०००।- |
| | पेटोल पम्पमा | | ४,०००।- |
| | पेटोलियम पदार्थ प्याग विक्रेता | | २५००।- |
| | एल.पी.ग्यास डिलरमा | | २५००।- |
| ३४. | **विशेषज्ञ , परामर्श तथा अन्य व्यवसायिक सेवा** | | |
| | चिकित्सक | ***रु.३६०–३०००*** | २०००।- |
| | दन्त चिकित्सक | ***रु.३६०–३०००*** | १५००।- |

दोरम्बा स्थानीय राजपत्र

| | | | |
|---|---|---|---|
| | कविराज | रु.३६०–१००० | १०००।- |
| | ईन्जीनियर | रु.३६०–३००० | २०००।- |
| ३५. | ***निर्माण व्यावसाय :*** | रु.२,००० – रु.१०,००० | |
| | नेपाल सरकारबाट इजाजत प्राप्त क वर्गको ठेकेदार | | ५,०००।- |
| | नेपाल सरकारबाट इजाजत प्राप्त ख वर्गको ठेकेदार | | ४,०००।- |
| | नेपाल सरकारबाट इजाजत प्राप्त गवर्गको ठेकेदार | | ३,०००।- |
| | नेपाल सरकारबाट इजाजत प्राप्त घ वर्गको ठेकेदार | | २,०००।- |
| ३६. | कानुन व्यवसायी : वरिष्ठ अधिवक्ता र अधिवक्ता | | १५००।- |
| | अभिकर्ता | | ८००।- |
| | लेखनदास | | ५००।- |
| ३७. | लेखा परीक्षक :  क श्रेणी र ख श्रेणी | | १५००।- |
| | ग श्रेणी | | १०००।- |
| | घ श्रेणी | | ५००।- |
| ३८. | अनुसन्धानकर्ता तथा परामर्शदाता | | १०००।- |
| ३९ | इन्जिनियरिङ्ग कन्सल्टेन्सी | रु.१,०००-३,००० | ३,०००।- |
| ४०. | कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर | | १५०० ।- |
| ४१. | वीमा एजेन्ट | | १०००।- |
| ४२. | सर्भेयर | | १५००।- |
| ४३. | अनुवादक | | ५००।- |
| ४४ | पशु चिकित्सक | | १०००।- |
| ४५ | सामान ढुवानीकर्ता तथा कम्पनी | | २०००।- |
| ४६ | नापी व्यवसाय | रु.१००–५००० | १०००।- |
| ४७ | विज्ञापन एजेन्ट | रु.३६०–१५०० | १०००।- |
| ४८ | वैदेशिक रोजगार एजेन्ट | रु.१०००–५००० | १०००।- |
| ४९ | स्वदेशी रोजगार एजेन्ट | रु.३६०–१५०० | ५००।- |
| ५० | सेक्रेटरियल सेवा | रु.१०००–१५०० | ५००।- |
| ५१ | एयरलाइन्स र कार्गो सेवा | रु.१००–५००० | २०००।- |
| ५२ | ह्राउजिं कम्पनी तथा घर जग्गा खरिद बिक्री - | रु.१५००–५००० | ३०००।- |

| | | | |
|---|---|---|---|
| | रियल स्टेट ) | | |
| ५३ | ड्राई क्लिनर्स | *रु.३६०–१५००* | ५००।- |
| ५४ | साइन वोर्ड बनाउने पेन्टिङ् सेवा | *रु.३६०–१५००* | १०००।- |
| ५५ | फूल र विरुवा बिक्रेता | *रु.३६०–१०००* | ५००।- |
| ५६ | सिसा, प्लाइउड विक्रेता | *रु.३६०–१०००* | १००० |
| ५७ | खेलौना , उपहार ( गिफ्ट ) विक्रेता | *रु.१००–५००* | ५००।- |
| ५८. | **चुरा पोते पसल** | *रु.१००–५०००* | |
| | क श्रेणी | | ८००।- |
| | ख श्रेणी | | ५००।- |
| ५९ | **चस्मा पसल** | *रु.१००–५०००* | |
| | चिकित्सक सेवा सहितको | | २०००।- |
| | चिकित्सक सेवा रहितको | | १००० ।- |
| ६०. | **मसाज पार्लर** | *रु.१००० – ३०००* | २०००।- |
| ६१. | **औद्योगिक कारखाना तथा उद्योगहरुमा** | | |
| | चमल, दाल, पिठो , तेल उत्पादा गर्ने र गल्ला खरिद सहित ठुलो उद्योग | *रु.१५०० –१००००* | ८०००।- |
| | चामल, दाल, पिठो , तेल उत्पादा गर्ने मिनी प्लान्टमा | *रु.१५०० –१००००* | ६०००।- |
| | डेरी पसल | *रु.१००–५०००* | १०००।- |
| | काठ चिरान मिलमा | *रु.१५०० –१००००* | ३०००।- |
| | फर्निचर विक्रि निर्माण | *रु.१५०० –१००००* | ३०००।- |
| | सिमेन्ट, रोडी , बालुवा प्रयोग गरी ह्युम पाइप , पिलर रिङ्ग, ब्लक, गमाला बनाउनेबाट क श्रेणि | *रु.१०० –५०००* | ३०००।- |
| | सिमेन्ट, रोडी , बालुवा प्रयोग गरी ह्युम पाइप , पिलर आदि बनाउने पसलबाट ख श्रेणि | *रु.१०० –५०००* | २५००।- |
| | सिमेन्ट, रोडी,बालुवा प्रयोग गरी ह्युम पाइप, पिलर आदि बनाउने पसलबाट ग श्रेणि | | २०००।- |
| | प्लाइउडको कच्चा पदार्थ उत्पादन गर्ने उद्योगबाट | *रु.१५०० –१००००* | ५०००।- |
| | पाउरोटी वा सर्वत बनाउने उद्योगबाट | *रु.१०० –५०००* | १००० ।- |
| | विना चिम्नीका इट्टा भट्टा उद्योगबाट | *रु.१००० –१००००* | ७०००।- |
| | चिम्नी भएको इट्टा भट्टा उद्योगबाट | *रु.१००० –१००००* | १००००।- |
| | मैन वत्ती उत्पादन उद्योगबाट | *रु.१०० –५०००* | ५००।- |

| | | | |
|---|---|---|---|
| | साबुन सोडा उत्पादन उद्योगबाट | रु.१०० –५००० | १०००।- |
| | चाउमिन उत्पादन उद्योगबाट | रु.१०० –५००० | १०००।- |
| | काठको गिलास ठेकी उत्पादन उद्योगबाट | रु.५०० १५०० | ५००।- |
| | सटर ग्रील उद्योगबाट | १०० –५००० | २०००।- |
| | जडिबुटी बिक्रि तथा प्रसोधन | | ५००।- |
| ६२. | साउण्ड सिस्टम भाडामा तथा बिक्री | रु.१००–५००० | १२००।- |
| ६३. | डिपार्ट मेन्टल सुपर मार्केटमा | रु.१००–५००० | ३०००।- |
| ६४. | खसी बोका बिक्री केन्द्रमा | रु.१००–५००० | १,०००।- |
| | राँगा बिक्रि केन्द्र | | ३,०००।- |

| | | |
|---|---|---|
| | ग्याँस वेल्डिङ्गगर्नेलाइ | ५००।- |
| | ईलेक्टिक मेसिन राखी ब्याटी चार्ज  गर्ने | ५००।- |
| | कुर्सी सोफासेट मर्मत गर्नेलाइ | ७५०।- |
| | पम्पसेट मर्मत गर्नेलाई | ५००।- |
| | सिलाई मूेसिन मर्मत | ५००।- |

| | | | |
|---|---|---|---|
| ६५. | **वहाल कर ( सम्वन्धित धनीबाट)** | *२ प्रतिशत सम्म* | २ प्रतिशत |
| ६६. | **वहाल विटौरी कर ( प्रति वर्ग फुट)** | *रु २–रु १०* | |
| | **क वर्ग :- राजमार्ग संग जोडिएको** | | रु ३.००।- |
| | **ख वर्ग :- पिच बाटो संग जोडिएको** | | रु २.५०।- |
| | **ग वर्ग :- ग्राभेल बाटो संग जोडिएको** | | रु २.००।- |
| | ***सम्पति मूल्यांकन शूल्क*** | ०.१ प्रतिशत सम्म | ०.१ प्रतिशत |

| सि.नं. | विवरण | रकम रु |
|---|---|---|
| | ग्याँस वेल्डिङ्गगर्नेलाइ | ५००।- |
| | ईलेक्टिक मेसिन राखी ब्याटी चार्ज  गर्ने | ५००।- |
| | कुर्सी सोफासेट मर्मत गर्नेलाइ | ७५०।- |
| | पम्पसेट मर्मत गर्नेलाई | ५००।- |
| | सिलाई मूेसिन मर्मत | ५००।- |
| ६८. | **गैर सरकारी संस्था** | |
| | सामुदायिक वन न.पा.दर्ता शुल्क रु. | १,०००।- |
| | अन्तराष्ट्रिय गै.स.सस्था | ३,०००।- |
| | क)यस न. पा. भित्र मात्र कार्यक्षेत्र भएका राष्ट्रिय गै.स.सस्था | ७५०।- |

| | | |
|---|---|---|
| | ख)यस न.पा क्षेत्र भन्दा बाहिर समेत कार्यक्षेत्र भएका राष्ट्रिय गै.स.सस्था | २०००।- |
| ६९. | **छपाई तथा प्रकाशन** | |
| | अफसेट प्रेस | २,०००।- |
| | क)एकमात्र टेडल मेसिन राखी काम गर्नेलाई | १०००।- |
| | २ वा सोभन्दा बढी टेडलमेसिन राखी काम गर्नेलाई | १५००।- |
| | स्क्रीन प्रिन्ट गर्नेलाई | ७५०।- |
| ७०. | **गल्ला ( धान/गँहु/मकै/तोरी/मसुरो/मल आदी कृषि जन्य उत्पादन बिक्री )** | |
| | गल्ला व्यवसाय(रु१०लाख सम्म पूँजि राखी वाणिज्य कार्यालयमा दर्ता भएका) | २०००।- |
| | गल्ला व्यवसाय(रु१०लाख१देखि२०लाख सम्म पूँजि राखी वाणिज्य कार्यालयमा दर्ता भएका) | ३,०००।- |
| | गल्लाव्यवसाय(रु२०लाख१ भन्दा माथि३०लाख सम्म पूँजि राखी वाणिज्य कार्यालयमा दर्ता भएका) | ४,०००।- |
| | गल्ला व्यवसाय(रु३०लाख१भन्दामाथि वाणिज्य कार्यालयमा दर्ता भएका) | ५०००।- |
| | रासायनिक मल बिक्रेता | ५००।- |
| | अस्थायी हाट बजार घुम्ती पसल -प्रति पटक | २०।- |
| | चौपाया(प्रति गोटा) व्यवसायी | ५।- |
| | हाँस कुखुरा प्रति गोटा | २।- |
| | हाट बजार प्रति प्रति पसल (कृषिजन्य) | १०।- |

पुनश्च : माथि उल्लेख नभएका व्यवसायहरुमा व्यवसायको स्तर हेरी रु १०० देखि रु ५००० सम्म कार्यालयबाट तोकी कर लगाउन सकिने छ।

घोडाघोडी स्थानीय राजपत्र

# अनुसुची ४

| क्र. सं. | विवरण | ०७४/७५ को लागि स्वीकृत दर |
|---|---|---|
| १ | **पटके सवारी कर (भित्री सडक)** | |
| क | बस, ट्रक, टेक्टर लगायत भारी साधन | रु.२०।- |
| ख | मिनि बस | रु.१०।- |
| ग | निजि भाडाका कार तथा टेम्पो | रु.१०।- |
| २ | **दर्ता तथा संचालन इजाजत दस्तुर** | |
| क | ठेला, रिक्सा टाँगा दस्तुर | रु.५०।- |
| ख | गाडी नामसारी दस्तुर  रु.५००।- देखि १,०००।- | रु.७५०।- |
| ग | ट्रेक्टर बार्षिक कर | रु.१२००।- |
| ३ | सवारी दर्ता तथा वाषिक सवारी कर | |
| क | वस ट्रक लरी एवं अन्य हेभी मसेनरी कर | |
| ख | भाडाका कार जिप | |
| ग | निजी कार जीप | |
| घ | स्कुटर / मोटरसाईकल | |
| ङ | ठेलागाडा, रिक्सा आदी | |
| च | मिनी ट्रक, मिनी बस आदी | |

# अनुसुची ५

| | *विवरण* | | दर |
|---|---|---|---|
| १ | होडिङ् बोर्ड प्रति वर्ग फिट मदिरा तथा सुर्तिजन्य बाहेकमा | | रु २०।- |
| २ | व्यानर सडक वारपार भएको (बढीमा १५ दिन) | | रु १००। - |
| ३ | व्यानर पोलमा झुण्डाउने प्रति पिस (बढीमा १५ दिन )( २फिट देखी X ३फिट सम्मको ) | | रु २०।- |

# अनुसुची ६

## मनोरञ्जन कर

| क्र.स. | ***विवरण*** | | रकम |
|---|---|---|---|
| १ | सिनेमाहल, मिडिया हल,सांस्कृतिक प्रदर्शन हल आदिमा प्रवेश शूल्क | ***२ देखि ५ प्रतिशत सम्म*** | ३ प्रतिशत |
| २ | एतिहासिक पुरातात्विक र धार्मिक स्थल प्रवेश शुल्क विदेशी मात्र | ***२ देखि ५ प्रतिशत मात्र*** | ४ प्रतिशत |
| ३ | जादु, सर्कस, चटक आदिमा प्रतिदिन | ***रु २००–रु ५००*** | रु ५००।- |
| ४ | व्यवसायिक भिडियो कर ( प्रति भिडीयो ) | ***रु २००–रु ५००*** | रु ५००।- |

# अनुसुची ७

| क्र.स. | ***विवरण*** | रकम |
|---|---|---|
| १ | वहाल कर (घर धनी बाट) | सम्झौता रकमको २ प्रतिशत |
| २ | ऐलानी प्रती जग्गा सडक छेउमा अस्थाई पसल थाप्न दिएमा मासिक | |
| क | सुखड बजार क्षेत्र | रु २०।- वर्ग फिट |
| ख | साडेपानी र पहलमानपुर बजार क्षेत्र | रु १५।- वर्ग फिट |
| ग | नगरपालिकाको अन्य क्षेत्र एवं वडामा | रु.५।-वर्ग फिट |

# अनुसुची ८

| क्र.स. | **विवरण** | **समय** | रकम |
|---|---|---|---|
| १ | मो.सा./स्कुटर | **प्र**ती दिन | रु.१०।- |
| २ | हलुका सवारी साधन | **प्र**ती दिन | रु.३०।- |
| ३ | हेभी सवारी साधन | **प्र**ती दिन | रु ५०।- |
| ४ | लहरी १२ चक्के माथी | **प्र**ती दिन | रु ७५।- |
| ५ | हेभी मेशनरी डोजर, लोडर, केन आदी | **प्र**ती दिन | रु.१००।- |

# अनुसुची ९

## आ.वा. ०७४/०७५ को लागी प्रस्तावित दस्तुर

| | | |
|---|---|---|
| | निवेदन दस्तुर | १०।- |
| | नागरिकता सिफारिस | १५०।- |
| | सामान्य सिफारिस दस्तुर | १००।- |
| | नाम, थर संशोधन सिफारिस | १५०।- |
| | प्रतिलिपि दस्तुर ( A4 वा सो भन्दा सानो साइजमा ) | ५०।- |
| | प्रतिलिपि दस्तुर ( A4 भन्दा ठुलो साइजमा जस्तैः गुरुयोजना नक्सा ) | १००।- |
| | राहदानी ( परिचय पत्रमा ) मा सिफारिस | १५०।- |
| | खानेपानी,विद्युत ,टेलिफोन जडान र नामसारी सिफारिस ( आवासीय ) | १००।- |
| | खानेपानी,विद्युत ,टेलिफोन जडान र नामसारी सिफारिस( व्यवसायिक ) | १५०।- |
| | चार किल्ला प्रमाणित सिफारिस : पहिलो १ कित्ताको लागि | २००।- |
| | चार किल्ला प्रमाणित सिफारिस : १ कित्ता पछि थप प्रति कित्ताको | ८०।- |
| | ट्रेस नक्सा निर्माण तथा प्रमाणित : पहिलो १ कित्ता माग भएमा | १००।- |
| | ट्रेस नक्सा प्रमाणित मात्र : पहिलो १ कित्ता माग भएमा | ५०।- |
| | ट्रेस नक्सा १ कित्ता भन्दा बढी माग भएमा थप प्रति कित्ता | ५०।- |
| | कम्प्युटर अंग्रेजी टाइप सिफारिस | ५००।- |
| | पेन्सनपट्टा सिफारिस( स्वदेशी संस्थामा ) | १००।- |
| | पेन्सनपट्टा सिफारिस (विदेशी संस्थामा | १५०।- |
| | नाता प्रमाणित सिफारिस | ५००।- |
| | नाता प्रमाणित सर्जमिन मुचुल्का दस्तुर | ३००।- |
| | औद्योगिक प्रयोजनको लागि (ठुलो) सर्जमिन दस्तुर ( घरेलु कार्यालयलाई सिफारिस गर्दा ) | २,५००।- |
| | औद्योगिक प्रयोजनको लागि (सानो) सर्जमिन दस्तुर ( घरेलु कार्यालयलाई सिफारिस गर्दा ) | २,०००।- |

घोडाघोडी स्थानीय राजपत्र

| | | |
|---|---|---|
| | व्यवसायिक प्रयोजनको लागि (ठुला ) सर्जमिन दस्तुर ( घरेलु कार्यालयलाई सिफारिस गर्दा ) | १,५००।- |
| | व्यवसायिक प्रयोजनको लागि (सानो) सर्जमिन दस्तुर ( घरेलु कार्यालयलाई सिफारिस गर्दा ) | १,३००।- |
| | अन्य सर्जमिन दस्तुर | ५००।- |
| | अस्थायी बसोबास प्रमाणित सिफारिस | १००।- |
| | वडा सिफारिस दस्तुर | १००।- |
| | मिलापत्र दस्तुर | १५०।- |
| | नामसारी दा.खा. सिफारिस दस्तुर | १,५००।- |
| | जग्गा दर्ता वा नामसारी सिफारिस प्रती कठ्ठा | १५०।- |
| | संबन्ध विच्छेद सिफारिस | १००।- |
| | राजीनामा/बकसपत्र सिफारीस दस्तुर | ५००।- |
| | घरबाटो सिफारिस बजार क्षेत्र/ पक्की सडकसंग जोडिएको अन्य क्षेत्र (५ कठ्ठा सम्म रु.१०७०।-सो भन्दा माथी प्रति कठ्ठा रु.१००।- थपदै जाने ) | |
| | घरबाटो सिफारिस ग्रामिण क्षेत्र (५ कठ्ठा सम्म रु.५७०।-सो भन्दा माथी प्रति कठ्ठा रु.१००।- थपदै जाने ) | |
| | घरबाटो सिफारिस महेन्द्र राजमार्ग क्षेत्र (५ कठ्ठा सम्म रु.२०७०।-सो भन्दा माथी प्रति कठ्ठा रु.१००।- थपदै जाने ) | |
| | जग्गा सीमा विवादमा अमिन खटाई सिमांकन गर्नु पर्दा निवेदकले प्रति उजुरी तिर्नु पर्ने सेवा शुल्क | २०००।- |
| १ | ***संस्था दर्ता तथा नवीकरणमा*** | |
| | नयाँ दर्ता सिफारिसमा | ७५०।- |
| | सु.स.आ.प्राप्त जग्गाको कार्यन्वयन सिफारिस पहिलो ५ कठ्ठा सम्म | १०००।- |
| | सु.स.स.आयोग जग्गाको कार्यन्वयन सिफारिस थप प्रति कठ्ठा | ३००।- |
| | नवीकरण सिफारिस | ३००।- |
| २ | ***निजी विद्यालय अप ग्रेड सिफारिस*** | |
| | नि.मा.वि.सम्मका लागि | १,०००।- |
| | मा.वि. सम्मका लागि | १,५००।- |
| | उच्च मा.वि.सम्मका लागि | २,०००।- |
| | ब्यक्तिगत घटना दर्ता जन्म, मृत्यु, विवाह, बसाई सराई (३५ दिन पछि मात्र) | ५०।- |

बडहरी स्थानीय राजपत्र

| | | |
|---|---|---|
| | ब्यक्तिगत घटना दर्ता प्रमाणित | ५०।- |
| ३ | ***उद्योग स्थापना सिफारिस*** | |
| | उद्योग नामसारी तथा ठाउसारी सिफारिस | १०००।- |
| | पशु वस्तु ( रांगा, भैसी, गोरु )को निकासीको सिफारिस प्रति गोटा | २००।- |
| | गैर सरकारी संघ, संस्था, क्लव, कम्प्युटर इन्टिच्युट ,आदिको दर्ता सिफारिस | १०००।- |
| ३ | ***बसपार्क पार्किङ. शुल्क*** | |
| | बस, ट्रक, ट्याकटर प्रति घण्टा | रु. १५।- |
| | १ घण्टा भन्दा बढी | रु. २५।- |
| | मिनि बस,माईक्रो बस प्रति घण्टा | रु. १०।- |
| | १ घण्टा भन्दा बढी | रु.१५।- |
| | जीप,कार | रु. १०।- |
| ४ | **१ घण्टा भन्दा बढी** | |
| | मोटरसाइकल, रिक्सा, ठेला, गाडा र अन्य साधन प्रति घण्टा | रु.५।- |
| ५ | **१ घण्टा भन्दा बढी** | |
| | **बसपार्क स्थित पसल कबलहरु  भाडा** | |
| | स्टल भवन प्रथम कोठा नं. १ मासिक | |
| | स्टल भवन प्रथम कोठा नं. २ मासिक | |
| | ***कान्जी हाउस दस्तुर*** | |
| | बंगुर प्रति ज्यान | २००।- |
| | घोडा,खच्चड प्रति ज्यान | २५०।- |
| | खसी बोका,बाखा | २००।- |
| | गाई ,गोरु | ५०।- |
| | पशुका दुधे बच्चा सहित माउ आएमा बच्चाको दस्तुरमा ५० प्रतिशत कम हुने | |
| | हास, कुखुरा | ५।- |
| | न.पा.हल भाडा | ६००।- |
| ६ | ***सडक पिच तथा ग्राभेल कटिङ शुल्क*** | |
| | मुख्य बाटो पीच कटिङ शुल्क | ३०००।- |
| | सहायक बाटो पीच कटिङ शुल्क | २०००।- |
| | ग्राभेल  बाटो कटिङ शुल्क | ५००।- |
| | कच्ची  बाटो कटिङ शुल्क | २००।- |
| | रुख कटान शुल्क १ रुख मात्र | १५०।- |

| | | |
|---|---|---|
| | थप प्रति रुख | १००।- |

# अनुसुची १०

<u>**आ.व.२०७४/०७५ को लागि *नक्सा पास दस्तुर :***</u>

| क.सं. | घरको बनावट | | अन्य पिच सडकको दायां बायां बन्ने घर को दर प्रति वर्ग फिट(रु ) | ग्राभेल सडकमा बन्ने घर को दर प्रति वर्ग फिट(रु ) | कच्चि तथा ग्रामीण सडकमा बन्ने घरको प्रति वर्ग फिट(रु) |
|---|---|---|---|---|---|
| १. | ***आर.सी.सी ढलान बनावट*** | ५ | ४ | ४ | ३ |
| २. | ***लोड वियरिङ्ग बनावटको ढलान तथा कडी पाटन*** | ३.५० | ३.०० | २.५० | २.०० |
| ३. | ***ईटा लगाई सिमेन्ट वा माटो मसला जोडाई गरि बनेको*** | ३.५० | २.५० | २.०० | १.५० |
| ४. | ***कम्पाउण्ड वाल प्रति रनिङ्ग मिटर*** | ३.०० | २.५० | २.०० | १.०० |
| | घर, नक्सा पास निवेदन फाराम : ५००<br>घर नक्सा पास नामसारी दस्तुर रु.१,५००।-<br>नक्सा पास गर्दा रेखाङ्कन शुल्क ( Lay Out ) :<br>(क) ६५ वर्ग मिटरसम्म : रु ४००।–<br>(ख) ६६ वर्ग मिटरदेखि ९० वर्ग मिटरसम्म : ६००।–<br>(ग) ९१ वर्ग मिटरदेखि ११५ वर्ग मिटरसम्म : १०००।–<br>(घ) ११६ वर्गमिटर देखि माथि : २०००।–<br>घर निर्माण सम्पन्न सिफारिस रु.१,०००।-<br>पुरानो घरको काठ ठाऊँसारी सिफारिस रु.७५०।- (न.पा. क्षेत्र भित्र)<br>पुरानो घरको काठ ठाऊँसारी सिफारिस रु.१,०००।- (न.पा. क्षेत्र वाहिर)<br>घर खाली गराउँदा लाग्ने दस्तुर रु. १,०००।- | | | | |

| | |
|---|---|
| ५. | क) कृषि तथा वनजन्य उद्योग( व्यवसाय कर ) बंगुर/बाख्रापालन फार्म रु. २,०००।-<br>ख) गाई/भैंसीपालन फार्म रु. ३,०००।-<br>ग) कृषि फार्म रु.१,५००।- |
| ६. | माछापालन तथा भूरा उत्पादन :-<br>क) १० कठ्ठा सम्म जग्गामा पोखरी १,५००।-<br>ख) १० कठ्ठा भन्दा माथी २ बिगहा सम्म पोखरी रु.२,०००।-<br>ग) २ बिगाह भन्दा ५ बिगहा सम्म पोखरी रु.३,०००।-<br>घ) १० बिगाह वा सो भन्दा माथि मा पोखरी रु. ५,०००।- |

निर्णय नं.२ माथी छलफल गर्दा साविक पहलमानपुर गा.वि.स.र हाल घोडाघोडी नगरपालिका वडा नं.१०,११,१२ को गत आ.व.२०७४/०७५ मा सोही वमोजिम लागू गर्ने र अन्य कर का दर रेट न.पा.मा माथि उल्लेखित निर्णय नं.१ वमोजिम लागू गर्नको लागि नगर सभामा सिफारिस गर्ने निर्णय सर्वसम्मतवाट पारित गरियो ।

आज्ञाले
राजु प्रसाद न्यौपाने
नि.कार्यकारी अधिकृत

घोडाघोडी स्थानीय राजपत्र